# मिति २०७३ पौष २८ गते सम्पन्न २१ औं नगरपरिषद कार्यक्रममा प्रस्तुत वजेट वक्तव्य

आदरणिय प्रमुख अतिथि चितवन क्षेत्र न. २ का माननिय सांसद श्री शेष नाथ अधिकारी ज्यू
विशिष्ट अतिथि माननिय सांसद श्री काशी नाथ अधिकारी ज्यू
विशिष्ट अतिथि माननिय सांसद श्री सावित्री चौधरी ज्यू
केन्द्रबाट आउनु भएका विभिन्न राजनैतिक दलका पदाधिकारी हरु
श्रीमान् प्रमुख जिल्ला अधिकारी ज्यू,
श्रीमान् स्थानीय विकास अधिकारीज्यू,
जिल्ला स्थित राजनैतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरु,
सुरक्षा निकायका प्रमुख ज्यूहरु,
नगरस्तरीय सर्वदलीय राजनैतिक संयन्त्रका प्रतिनिधि ज्यूहरु
विभिन्न कार्यालयका कार्यलय प्रमुखज्यूहरु,
उद्योग वाणिज्य संघ रत्ननगरका अध्यक्षज्यू,
विभिन्न सल्लाहकार समितिका सदस्य ज्यूहरु,
राजश्व परामर्श समितिका सदस्य ज्यूहरु,
पुर्वी चितवन पत्रकार महासंघका अध्यक्ष ज्यू,
वडा नागरिक मञ्च, टोल विकास संस्था तथा विभिन्न उपभोक्ता समितिका अध्यक्ष ज्यूहरु,
नगरस्तरिय शान्ति समितिका संयोजक ज्यू,
मेलमिलाप समितिका संयोजक ज्यू
विभिन्न वडाबाट प्रतिनिधित्व गर्नु हुने राजनैतिक दलका प्रतिनिधि ज्यूहरु,
नागरिक समाजका अध्यक्ष ज्यू,
विभिन्न संघसंस्थाका प्रमुख एवं प्रतिनिधि ज्यूहरु,
आमन्त्रित अन्य अतिथि ज्यूहरु,
पत्रकार मित्रहरु
आदरणीय नगरवासी आमा बुवा दाजुभाई तथा दिदीवहिनीहरु,
र मेरा सहकर्मी कर्मचारी साथीहरु ।

सर्वप्रथम मुलुकमा लोकतन्त्र स्थापनाका लागि समय समयमा भएका आन्दोलनहरुमा जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै उच्च सम्मान प्रकट गर्न चाहन्छु ।
स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली २०५६ बमोजिम स्थानीय निकायको सर्वोच्च अंगको रुपमा परिभाषित गरिएको परिषद्को सन्दर्भमा यस रत्ननगर नगरपालिकाको २१ औं नगरपरिषद समक्ष आ.ब. २०७४/०७५ का लागि तर्जुमा गरिएको नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा म लगायत सिंगो रत्ननगर नगरपालिका परिवारलाई गौरव महसुस भईरहेको छ ।

विगत १४ वर्ष देखि निर्वाचित जनप्रतिनिधि विहीनताको जटिल एंव विषम् परिस्थितिमा पनि सर्वदलिय प्रतिनिधिसँगको समन्वयमा सिमित स्रोत साधनको अधिकतम परिचालन गरि बढ्दो शहरीकरणको व्यवस्थापन तथा जनतालाई आधारभुत शहरी सेवा- सुविधा उपल्ब्ध गराउने काममा कुनै किसिमको कमी कमजोरी हुन नदिन सिङगो नगरपालिका परिवार जिम्मेवार भई निरन्तर प्रयासरत रहेको कुरा यहाँहरु सवैमा अनुरोध गर्न चाहन्छु । साथै वर्तमान परिस्थितिमा समुदायमा आधारित वडा नागरीक मञ्च, टोल विकास संस्थाहरु, नागरिक समाज, नागरीक सचेतना केन्द्र, पेशागत संघ-संगठन लगायत अन्य संघसंस्थाहरुले नगरपालिका र नगरबासीहरु विच एउटा विश्वासिलो सेतुको रुपमा काम गरिरहेको छ । निर्वाचित जनप्रतिनिधीहरुको व्यवस्था हुन नसकेता पनि जनमुखी एंव जिम्मेवार राजनैतिक दलहरुको सहमति, समन्वय र सहयोगमा रत्ननगर नगरपालिका आफ्नो घोषित लक्ष्य प्राप्तिमा अविचलित रुपमा कार्यरत रहेको व्यहोरा निवेदन गर्न चाहन्छु । विषेशतः नीतिगत निर्णय र विकास निर्माणको सन्र्दभमा सृजित कठीन

चुनौतिहरु सहज रुपमा व्यवस्थापन गर्न राजनैतिक दलहरुबाट उल्लेख्य सहयोग भएको र यहाँको राजनैतिक दलहरु विचको सहकार्य एंव समन्वय मुलुक भरका लागि उदाहरणीय भएको व्यहोरा पुन यस सम्मानित सभा समक्ष सगर्व स्मरण गर्न चाहन्छु ।

**आदरणीय प्रमुख अतिथि ज्यू तथा अन्य महानुभावहरु,**

रणनीतिक हिसाबले आथिक, सामाजिक, कृषि तथा पर्यटकिय विकासका असंख्य सम्भावनाहरु बोकेको यस रत्ननगर नगरपालिकालाई नेपाल सरकारले मिति २०५३ सालमा नगरपालिका घोषणा गरी शहरी विकासको यात्राको प्रारम्भ भएको थियो । यस नगर तथा आसपासका क्षेत्रहरुमा बढ्दै गइरहेको बसोबासले सडक, खानेपानी, विद्युत, शिक्षा, स्वास्थ्य जस्ता शहरी आधारभुत सेवा सुविधाको मागमा थप दवाव पर्न गएको र यसलाई सम्बोधन गर्ने सन्दर्भमा कृषि, पर्यटन तथा उत्पादन मूलक उद्योग, व्यापारका साथै सेवामूलक उद्योगहरुको द्रूत विकासको लागि नीतिगत सुधार , सम्पूर्ण व्यवस्थापकीय क्षमता विकास, विकास साझेदारहरुको पहिचान र उपयोग जस्ता विषयहरुमा परम्परागत ढंगबाट मात्र नभइ दीर्घकालिन एवं रणनीतिक दृष्टिकोणबाट सोच्न र सोही अनुसार अल्पकालिन, मध्यकालिन, दीर्घकालिन योजना सहित क्रमशः अगाडि बढ्नु पर्ने बेला आइसकेको तथ्य पनि यस अवसरमा अनुरोध गर्न चाहन्छु ।

**आदरणीय प्रमुख अतिथि ज्यू तथा अन्य महानुभावहरु,**

“व्यवसायी कृषि तथा पर्यटकिय शहर; स्वच्छ, सफा तथा समृद्ध रत्ननगर” भन्ने दीर्घकालिन सोँचका साथ रत्ननगर नगरपालिका स्थापना पछिको २१ औं नगर परिषदमा कार्यकारी अधिकृतको हैसियतले आ.व. ०७४/०७५ को नगर विकास नीति, कार्यक्रम तथा बजेट यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ ।

भौगोलिक रुपमा नेपालकै झण्डै केन्द्रमा रहेको, यस नगरलाई देशकै अन्न भण्डार चितवनको समथर भुमि, राष्टिय निकुञ्ज र हात्ती गैडाका पर्यटकिय शहर सौराहा जस्ता अमुल्य रत्नहरु रहेको यस रत्ननगर नगरपालिकाको कृषि तथा पर्यटन विकासमा पर्याप्त सम्भावना रहेको, शैक्षिक क्षेत्रहरुको उत्तिकै सम्भावना रहेको, प्राकृतिक श्रोत र साधनले भरिपुर्ण रहेको तथा विभिन्न जातजातीहरुको सांस्कृतिक सम्पदाको बजारीकरण गर्न सकिने सम्भावना भएकोले विकासमा विशेष सम्भावना भएको नगरको रुपमा रहेको छ । विगतका वर्षहरुको योजना कार्यान्वयनबाट आर्थिक, सामाजिक, भौतिक पूर्वाधार तथा पर्यटन विकासमा केही उपलब्धीहरु भएका छन् । यद्यपी लामो समयसम्म स्थानीय निकाय जनप्रतिनिधि विहिन अवस्थामा रहदा विकासलाई स्वामित्वबोध गर्न कठिन हुनु, विकासको ठूलो रकम खुद्रे प्रकारका विकासमा बजेट खर्च हुनु, बैदेशिक रोजगारी र युवा श्रमशक्तिको अभाव भई व्यवसायिक कृषि तथा साना उद्योग ओझेलमा पर्नु, उद्यमशिलताको कमी हुनु तथा कृषक हुनलाई गर्वको रुपमा ग्रहण गर्न नसक्नु, आवास तथा भूमिको बैज्ञानिक ढंगले उपयोग गर्न नसक्नु, प्राकृतिक श्रोत साधनको बैज्ञानिक उपयोग गर्न नसक्नु, कृषि, शिक्षा र स्वास्थ्यमा पर्याप्त लगानी हुन नसक्नु, योजनावद्ध विकासको दिर्घकालिन सपना कमजोर हुनु जस्ता समस्या तथा चुनौतीहरु हाम्रो सामु विद्यमान छन् ।

विकास र सेवा प्रवाहलाई निश्पक्ष र पारदर्शी तवरबाट नागरिक सामु पुर्‍याई स्थानीय सुशासनको प्रत्याभूत गराउन नगरपालिकाको भूमिका नेतृत्तदायी हुन्छ र हुनुपर्छ । कर्मचारीबाट नै जनप्रतिनिधिहरुको भूमिका निर्वाह गर्नु परेको परिस्थितिमा नगरपालिकाले गर्ने यावत कार्यहरु राजनैतिक दल र सरोकारवालाहरुको सहभागिता, समन्वय र सहकार्यमा गरिदै आएको कुरा यहाँहरुलाई विदितै छ ।

यसको लागि राजनैतिक दल तथा सम्पूर्ण सरोकारवालाहरुलाई हार्दिक धन्यवाद दिदै आगामी दिनमा पनि यस्तै सहयोग र साथ प्राप्त भैरहने छ भन्नेमा मैले विश्वास लिएको छु ।

**नीति, योजना, कार्यक्रम तथा बजेटको मार्गदर्शन**

आदरणीय प्रमुख अतिथि ज्यू तथा अन्य महानुभावहरु,
आर्थिक वर्ष २०७४/०७५ को प्रस्तावित उद्देश्य, नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा निम्न विषयलाई मैले मार्गदर्शनको रुपमा लिईएको छु ।

१. नेपालको संविधान, २०७२,
२. सहस्राब्दी विकास लक्ष्यहरु तथा दिर्घकालिन विकास लक्ष्यहरु
३. चालु त्रिवर्षीय योजनाले निर्दिष्ट गरेका लक्ष्य र उद्देश्यहरु,
४. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको बजेट सिलिङ र मार्गदर्शन,
५. स्थानीय स्वायत्त शासन ऐन र नियमले मार्गदर्शन गरेका व्यवस्थाहरु,
६. स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९,
७. सहभागीतात्मक र समावेशी योजना तर्जुमा प्रक्रियाद्धारा प्राथमिकता निर्धारण भई आएका योजना तथा कार्यक्रमहरु,
८. वडा भेला तथा वडा नागरिक मञ्चबाट सिफारिस भैआएका कार्यक्रम तथा आयोजनाहरु,
९. नगरपालिकाको आ.व. २०७३।०७४ को बजेटले निर्दिष्ट गरेका नीति, योजना तथा कार्यक्रमहरु,
१०. स्थलगतरुपमा गरिने आयोजनाहरुको अनुगमन तथा सुपरीवेक्षणबाट प्राप्त सिकाई ।
११. विगतका समिक्षा तथा कार्यानुभवबाट प्राप्त पृष्ठपोषणहरु ।
१२. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसँग गरिएको कार्यसम्पादन सम्झौता
१३. जिविस चितवनबाट प्राप्त बजेट सिलिङ्ग तथा मार्गदर्शन
१४. राजनैतिक दलहरु तथा नगरलाई माया गर्ने नगरवासीहरुको सृजनात्मक सुझावहरु

**आदरणीय प्रमुख अतिथिज्यू तथा उपस्थित महानुभावहरु,**
अव म आगामी आगामी आ.व. २०७४/०७५ को दीर्घकालिन सोच, उद्देश्य, नीति तथा कार्यक्रम वारेमा संक्षिप्तमा उल्लेख गर्न चाहन्छु ।

**दिर्घकालिन सोचः** व्यवसायिक कृषि युक्त पर्यटकिय, स्वच्छ वातावरणयुक्त, सम्पन्न, शान्त, प्राकृतिक सौन्दर्यले भरिपुर्ण र न्यायपूर्ण रत्ननगर नगरपालिका वनाउने

**उद्देश्य**

- पर्यटन सम्वन्धी दिर्घकालिन योजना तर्जुमा गरी आगामी १० बर्षमा देशकै दोस्रो पर्यटकीय गन्तव्य बनाउने ।
- विकासका पूर्वाधारहरुको विस्तार र पहुँच नगरपालिकाका सवै क्षेत्रहरुमा वृद्धी गरी सवै जनताले विकासको अवसर र प्रतिफलको उपयोग गर्न पाउने अवस्थाको सृजना गर्ने ।
- समावेशी तथा समन्यायिक विकासको अवधारणा मार्फत विभिन्न वर्ग, क्षेत्र, लिङ्ग, सम्प्रदाय र जनजातीको स्रोत साधनमा पहुँच अभिवृद्धि गर्ने ।
- पर्यटकको संख्यामा बृद्धि गरि उत्पादनमुलक क्षेत्रमा व्यवसायिकता र उद्यमशिलताको विकास गर्दै सामाजिक परिचालन मार्फत गरिवी न्यूनिकरण गर्ने ।
- अर्गानिक उत्पादन मात्रै गर्ने नगरपालिकाको रुपमा विकास गर्ने ।
- विकास र पहुंचका दृष्टिकोणवाट पछाडी परेका वडाहरुमा प्राथामिकता साथ विकासका कार्यक्रमहरु पुऱ्याई एउटै नगर भित्र रहेको असमानताको कम गर्ने ।
- नगरवासीहरुमा जनचेतनाको अभिवृद्धी गरी पूर्ण वालमैत्री तथा वातावरण मैत्री नगरपालिका वनाउने ।
- विकास कार्यक्रम तथा आयोजनाहरु सञ्चालन गर्दा सरोकारवालाहरुसंग वढि भन्दा वढि समन्वय गरी जनसहभागिता, पारदर्शिता, जवाफदेहिता तथा कानुनको शासनको अभिबृद्धि गरि सुशासनको प्रत्याभुती दिने ।

- शान्त, सुरक्षित, प्राकृतिक सौन्दर्यले भरिपुर्ण, आधुनिक सुविधा सम्पन्न पर्यटकीय गन्तव्यको रुपमा यस रत्ननगर नगरपालिकालाई विकास गर्ने ।

**दिर्घकालिन नीति**

- २० वर्ष पछिको रत्ननगर नगरपालिकालाई कस्तो बनाउने भन्ने सन्दर्भमा सवै सरोकारवालाहरुसँग समन्वय गरी विस वर्षे रत्ननगर सपना (Ratnanagar Dream) तर्जुमा गरी कार्यन्वयन गरिने छ ।
- देशका विभिन्न ठाउँहरु तथा विदेशमा रहेका गैर आवाशिय रत्ननगरवासीहरुको सञ्जाललाई सक्रिय वनाई उनीहरुको आर्थिक, भौतिक तथा वौद्धिक क्षमतालाई यस न.पा.को समग्र विकासमा भरपुर रुपमा प्रयोग गरिने छ ।
- काठमाण्डौ, पोखरा र लुम्विनी जस्ता पर्यटकीय केन्द्रहरुको विचमा रहेको सौराहालाई यिनै केन्द्रहरु विचको पनि केन्द्रको (Center of the Centers) रुपमा विकास गरिनेछ ।
- वाह्य पर्यटकहरुलाई पर्यटकीय सेवा शुल्क लगाई त्यसवाट प्राप्त हुन आएको राजश्वलाई आन्तरिक पर्यटक बृद्धि हुने पूर्वाधारमा खर्च गरी साना व्यवसायी तथा कृषकहरुको आर्थिक विकासमा प्रत्यक्ष सघाउ पुचाई धनी र गरिव विचको असमानतालाई कम गरिदै लागिनेछ ।
- रत्ननगरमा रहेको कृषि योग्य समथर भुमि र पर्यटकीय संभावनालाई संरक्षण, संवर्द्धन र विकास गरी यो क्षेत्रको प्रमुख आयस्रोत र गौरवको रुपमा विकास गरिनेछ ।
- शहरिकरणको विकास संगै हामीसैग होस्टेमा हैसे गर्न आउनु भएका पिठुवा र बछेउलीसंग विकास हुदै गएको आत्मीयता, भाइचाराको सम्वन्धलाई अझ वृद्धि गर्न Poorest Of the poor को अवधारणामा विकासका गतिविधिहरु अघि बढाउने नीति लिइने छ ।
- **“सेवाको वरिपरि जनता होइन जनताको वरिपरि से**वा” भन्ने मान्यतालाई आत्मसात गर्दै संयुक्त वडा सेवा कार्यलयहरुलाई अरु विस्तार गर्दै लगिनेछ ।
- भ्रष्टाचारमा शुन्य सहनसिलताको अवधारणा अनुरुप रत्ननगर नगरपालिकालाई भ्रष्टाचार शुन्य नगरपालिकाको रुपमा अघि वढाइनेछ ।
- नेपाल सरकारको भु उपयोग नीति र आवास नीति तर्जुमा भई कार्यन्वयनमा आईसकेको वर्तमान अवस्थामा यस नगरपालिकामा बढ्दै गईरहेको अव्यवस्थीत जग्गा प्लटिड कार्य लाई व्यवस्थीत गरिनेछ ।
- सिंचाई योग्य कुनै पनि भुमिलाई प्लटिडको लागि अनुमति दिईने छैन ।
- **“आन्तरिक राजश्व नै विकासको मुल आधार हो”** त्यसैले राजश्व संकलन र यसको प्रभावकारी परिचालन गर्न विशेष जोड दिईने छ ।
- हरित ग्याँस उत्सर्जन गर्ने अद्योगहरुलाई यस क्षेत्रमा निरुत्साहित गर्दै प्राकृतिक सम्पदालाई संरक्षण गर्दै अक्सीजन मैत्री पर्यटकिय नगरको रुपमा विकास गरिनेछ ।
- यस नगर क्षेत्र भित्र रहेका सार्वजनिक जग्गा र सार्वजनिक सम्पत्तीको लगत तयार गरी नगरपालिकाको मातहतमा ल्याई सार्वजनिक सम्पत्तिको रुपमा संरक्षण र संवर्धन गरिनेछ ।
- लैंङ्गिक समानता र सामाजिक समावेशीकरणका लागि नगर विकास योजना तर्जुमा देखी विकास आयोजनाको कार्यन्वयन सम्म प्रभावकारी कार्यन्वयन गरि सामाजिक न्याय स्थापना गरिनेछ ।
- **“आजका यूवाहरु नै भविश्यका सम्पत्ती हुन”** भन्ने भावनालाई आत्मासात गर्दै स्वस्थ्य र अनुशासित नागरिक उत्पादन गर्न खेलकुदको विकासमा विशेष जोड दिईनेछ ।
- सूचना प्रविधिको विकास र विस्तार गर्दै Paper Less नगरपालिकाको रुपमा विकास गर्दै जनताले छिटो र छरितो सेवा प्रवाह गर्ने नीति लिईनेछ । साथै website लगायत अन्य सामाजिक सञ्जालहरुको सकारात्मक सदुपयोग गरी अघि वढ्ने रणनीति लिईनेछ ।

**आदरणिय प्रमुख अतिथि ज्यू तथा अन्य महानुभावहरु**

अब म विगत आर्थिक बर्षमा हामीले सम्पादन गरि प्राप्त गरेका केही प्रमुख उपलब्धीहरुको बारेमा समिक्ष गर्न चाहन्छु ।

१. भौतिक पूर्वाधार तर्फ :

- कालोपत्रे सडक विस्तार तथा निर्माण योजना :- ११ कि.मि.
- ग्रावेल सडक विस्तार :- १४ कि.मि.
- कालोपत्रे सडक मर्मत :- ८.५० कि.मि.
- पक्की पुल निर्माणः- २ वटा
- हेम पाइप कलभर्ट निर्माण :- ५१ वटा
- दुई वटा वडा सेवा कार्यलय सम्पन्न हुने चरणमा पुगेको
- पिठुवा तथा पञ्चकन्या सिंचाई गरि कुल २४०० मिटर कुलो लाईनिङ्ग भएको जसबाट १८०० विघा जमिनमा सिंचाई हुने

**२. वातावरण मैत्री कार्यक्रम तर्फ :**

क) वातावरण मैत्री विद्यालय परिषर सुधारः-३

ख) पन्चकन्या सामुदायिक वन क्षेत्रभित्र नगर तथा सामुदायिक वनको संयुक्त लागत साझेदारीमा कम्पोस्ट प्लान्ट निर्माण सम्पन्न हुने अवस्थामा रहेकोछ ।

ग) र.न.पा. १४ र १६ स्थित पिठुवा क्षेत्रमा ९ (नौ) विगाहा सार्वजनिक जग्गा संरक्षण गरि तारवार एवं वृक्षारोपण कार्य सम्पन्न गरिएकोछ ।

घ) र.न.पा ७ स्थित अशोक घोलताल, र.न.पा ९ को पंचनदी ताल संरक्षण गरिएको र र.न.पा १६ स्थित पिठुवाको सार्बजनिक जग्गामा नयाँ पोखरी निर्माण गरि वाटर रिचार्जद्वारा वरिपरिको सुक्खा क्षेत्रमा हरियाली कायम गर्ने कार्यको थालनी भएकोछ ।

ङ) उज्यालो बछौली कार्यक्रम अन्तर्गत पर्यटकीय क्षेत्र सौराहा लगायतका ठांउहरुमा ३० थान सडक सौर्यबत्ती विस्तार गरिएकोछ ।

च) पन्चकन्या सामुदायिक वन क्षेत्रमा नर्सरी स्थापना गरि संचालनमा ल्याइएको छ ।

छ) घरेलु फोहोर व्यवस्थापनको गर्न २३१ घर धुरीमा लागत सहभागितामा कम्पोस्ट बिन वितरण गरिएको छ ।

ज) रत्ननगर नगरपालिकाको वडा नं ८ लाई वातावरण मैत्री वडा घोषणा गरिनुका साथै वालमैत्री नगरपालिका घोषण गर्ने क्रममा यस न. पा. का ६ वटा टोललाई वालश्रम मुक्त टोल घोषणा गरि सकिएको छ ।

**३. वडा स्तरीय योजना**

यस न.पा का विभिन्न वडा केन्द्रित पूर्वाधार योजना मध्य बाटो ग्राबेल, मर्मत, कुलो सफाई, संघसंस्था पूर्वाधार सहयोग, मठमन्दिर देवालय संरक्षण आदी गरि कुल ९५ वटा साना/ठुला योजना निर्माण सम्पन्न गरिएको छ ।

**४. सामाजिक विकास तर्फ :**

महिला, वालवालिका, एकल महिला र अपाङ्ग/दलित/आदिबासी/जनजाती र बृद्धबृद्धा लक्षित गरि विभिन्न वडामा २२६ वटा कार्यक्रम सम्पन्न गरिएको छ ।

**आदरणिय प्रमुख अतिथि ज्यू तथा अन्य महानुभवहरु,**

**यसै गरि आ. व. २०७३/७४ को आर्थिक पक्ष तर्फको प्रगति समिक्षा गर्न अनुमती चाहन्छु,**

आर्थिक वर्ष ०७२।०७३ मा आय अर्न्तगत आन्तरिक श्रोत तर्फ रु ३ करोड ७१ लाख ३२ हजार मात्र र वाहय् श्रोत तर्फ रु १२ करोड ४९ लाख ५३ हजार गरि जम्मा रु १६ करोड २० लाख ८५ हजार मात्र आय अनुमान गरिएकोमा आन्तरीक श्रोत तर्फ रु ३ करोड ३० लाख ३६ हजार ४ सय ३ रुपैंया र वाहय् श्रोत तर्फ रु १६ करोड २९ लाख २८ हजार १ सय १८ रुपैंया गरि जम्मा रु १९ करोड ५९ लाख ६४ हजार १ सय २२ रुपैंया मात्र आय भएको छ ।

त्यस्तै व्यय तर्फ प्रशासनिक खर्च तर्फ रु २ करोड ४२ लाख ८० हजार र अन्य तथा सार्वजनिक निर्माण खर्च तर्फ रु १३ करोड ७८ लाख ५ हजार मात्र गरि जम्मा रु १६ करोड २० लाख ८५ हजार मात्र व्यय अनुमान गरिएकोमा प्रशासनिक खर्च तर्फ रु २ करोड ७३ लाख ६४ हजार ६ सय ७४ रुपैंया र अन्य तथा सार्वजनिक निर्माण तर्फ रु १७ करोड ७ लाख ७० हजार १ सय ८४ रुपैंया गरि कुल रु १९ करोड ८१ लाख ३४ हजार ८ सय ५७ रुपैंया मात्र खर्च भएको छ । आ.व. ०७२।०७३ मा सामाजिक सुरक्षा खर्च तर्फ रु ४ करोड ३१ लाख ९८ हजार वातावरण मैत्रि कार्यक्रम तर्फ रु १ करोड ३८ लाख ३४ हजार ६ सय २६ रुपैंया, सडक वोर्ड कार्यक्रम अन्तर्गत रु १ करोड १४ लाख ५० हजार १७ रुपैंया, जगेडा कोषका कार्यक्रम तर्फ रु २ करोड ७७ लाख ३ हजार ५ सय ५५ रुपैंया, एल.जि.सि.डि.पि. कार्यक्रम अन्तर्गत रु ९३ लाख ९९ हजार, नगरपालिका निर्शत अनुदान अर्न्तगत वडा स्तरीय पुर्वाधार र लक्षित वर्ग कार्यक्रममा रु २ करोड २९ लाख ७९ हजार, स्थानिय विकाश शुल्क कोष कार्यक्रम अन्तर्गत रु ९४ लाख ४० हजार लगायतका कार्यक्रमहरुमा खर्च गरिएको छ ।

चालु आर्थिक वर्ष ०७३।०७४ को संसोधित कार्यक्रमका लागि आन्तरिक श्रोत तर्फ रु ३ करोड ५० लाख ३० हजार मात्र र वाहय् श्रोत तर्फ रु २४ करोड ४९ लाख ४५ हजार मात्र गरि जम्मा रु २७ करोड ९९ लाख ७५ हजार मात्र आय अनुमान गरिएको छ । व्यय तर्फ प्रशासनिक खर्च तर्फ रु २ करोड ८२ लाख मात्र र वाहय् श्रोत तर्फ रु २४ करोड ४९ लाख ७५ हजार मात्र गरि जम्मा रु २७ करोड ९९ लाख ७५ हजार मात्र अनुमान गरिएकोमा सामाजिक सुरक्षा लगायत अन्य कार्यक्रमहरुको पनि अख्तियारि वृद्दि भै आएकोले संसोधन भएको छ । आ.व. ०७३।०७४ को पौष १५ सम्म आय अर्न्तगत आन्तरीक श्रोत तर्फ रु १ करोड ८१ लाख ६० हजार ८ सय ८६ रुपैंया र वाहय श्रोत तर्फ रु १० करोड ४१ लाख १७ हजार १ सय २४ रुपैंया गरि जम्मा रु १२ करोड २२ लाख ७८ हजार मात्र यथार्थ आय रहेको छ । त्यसै गरि व्यय अर्न्तगत प्रशासनिक खर्चमा रु १ करोड ६८ लाख ३२ हजार १ सय ५५ रुपैंया र वाहय् श्रोत तर्फ रु ७ करोड ३५ लाख ९९ हजार ७ सय ९८ रुपैंया गरि जम्मा रु ९ करोड ४ लाख ३१ हजार ९ सय ५३ रुपैंया यथार्थ व्यय रहेको छ ।

यस रत्ननगर नगरपालिका को केन्द्रिय वेरुजु शुन्य रहेको र म्याद नाघेको पेश्कि पनि शुन्य रहेको छ । यस नगरपालिका लाई पेश्कि तथा बेरुजु शुन्य नगरपालिकाको रुपमा अगाडि बढाउने उद्देश्य राखिएको कुरा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु ।

**आर्थिक वर्ष २०७४/०७५ मा यस नगरपालिकामा सञ्चालन हुने प्रमुख नीति तथा कार्यक्रहरु :**

१ **भौतिक पूर्वाधार तर्फ**

- सडकको न्यूनतम मापदण्ड तयार गरिएको छ । साथै यस नगरपालिकाको लागि Municipality Transport Master Plan ( MTMP) नगरस्तरिय सडक गुरुयोजना यही आ.व. सम्म तयार गरि लागु गरिनेछ ।
- उपभोक्ता मार्फत पूर्वाधार निर्माणको काम गर्दा लागत साझेदारीलाई अनिवार्य गरी ५०/५० को नीतिलाई अवलम्वन गरिनेछ ।
- अनियन्त्रित घडेरी विकास गरि बिक्री गरिरहेको सन्दर्भमा सो को लागि नेपाल सरकारले जारी गरेको *बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्वन्धी मार्गदर्शन २०७२* समेतलाई आधार मानी नगरपालिकाले उचित मापदण्ड तयार गरि कडाईकासाथ लागु गर्ने प्रकृयाको थालनी गरिने छ । यसको लागि शुरुवाती बजेटको विनियोजन गरिएको छ ।
- यस नगरको अत्यन्त महत्वपुर्ण शहरी पुर्वाधार मध्ये बसपार्कको लागि संभाव्य जग्गाको पहिचान गरि विभिन्न सरोकारवालाहरुसंग यथोचित समन्वय गरि आवश्यक प्रकृया अघि बढाईने छ ।
- यस नगरको खेलकुद क्षेत्रको विकासलाई मध्यनजर गर्दै संभाव्य जग्गाको पहिचान गरि विभिन्न सरोकारवालाहरुसंग यथोचित समन्वय गरि आवश्यक प्रकृया अघि बढाईने छ ।

- कृषि क्षेत्रको व्यवसायीकरणलाई मध्यनजर गर्दै पिठुवा क्षेत्रमा **शित भण्डार** निर्माण गर्नको लागि नेपाल सरकारका विभिन्न सरोकारवालाहरुसंग यथोचित समन्वय गरि आवश्यक प्रकृया अघि बढाईने छ ।
- यस नगरपालिकाको आगामी २० वर्ष पछिको जनसांख्यिक अवस्थाको पूर्वानुमान गर्दै ठूला खानेपानीको स्रोत तथा दिर्घकालिन फोहोर व्यवस्थापनको सम्भाव्यता अध्ययन गरिनेछ ।
- कम्तिमा १० वर्ष सम्म फोहर व्यवस्थापन गर्न सकिने कम्तिमा २ वटा ल्याण्ड फिल्ड साइटको खोजि गरिनेछ र एउटा Land fill side भरिसके पछि अर्को प्रयोग गर्ने र फेरी पुन अर्को प्रयोग गर्ने सकिने गरि व्यवस्थापन गरिनेछ । साथै फोहोरलाई मोहोरमा बदल्ने नीतिको अवलम्वन गरिनेछ । साथै आगामी दिनमा फोहोर व्यवस्थापनमा सार्वजनिक नीजि साझेदारीको अवधारणा अवलम्वन गरि निजी क्षेत्रसंग सहकार्य गरि अघि बढ्ने रणनीतिको अख्तियार गरिनेछ ।
- रत्ननगर चक्रपथको शुरुवातको लागि यसै बर्ष देखि वजेट व्यवस्था गरि संभाव्यता अध्ययन गरिने काम अघि बढाईने छ ।
- यस नगरपालिका क्षेत्रका विद्यालयहरुको भौतिक पूर्वाधार विकासमा जोड दिइनेछ । र थप उच्च मा.वि. तथा प्राविधिक शिक्षालय खोल्न विभिन्न सरोकारवालाहरुसँग सम्वन्वय गरिनेछ ।
- प्रकोप व्यावस्थापनलाई मध्य नजर गर्दै, यस नगरपालिका क्षेत्र भित्र रहेका खोला नालाहरुमा तटवन्धन तथा सामुदायिक उद्धार केन्द्रहरुको विकास गर्दै जाने नीति अवलम्वन गरिनेछ ।
- सबै वडाहरुमा वडा सेवा कार्यलय निर्माण गरी स्थायी कर्मचारी मार्फत अधिकतम सेवा त्यसै कार्यालयवाट प्रदान गरिने व्यवस्था गरिनेछ ।

## २ पर्यटन विकास तर्फ :

- यसै आ.व. २०७३/०७४ मा पर्यटन सम्बन्धि गुरुयोजना तयार गरि विभिन्न सरोकारवालहरुसंग समन्वय गरि कार्यन्वयनमा लगिनेछ ।
- यसै आ.व. २०७३/०७४ देखी नै पर्यटक सेवा शुल्क लागु गरिनेछ ।
- उक्त पर्यटन सेवा शुल्कवाट आएको रकमलाई विशेष कोष मानी यसवाट भएको आम्दानीको ७०% रकम पर्यटन विकासमै खर्च गरिनेछ । बाँकी ३०% रकम यस क्षेत्रका पिछडिएका समुदायहरुको आर्थिक सामाजिक विकासमा खर्च गरिने छ ।
- प्याराग्लाईडिड लगायत अन्य साहसिक पर्यटनलाई विशेष आकर्षित गरिने छ ।
- सौराहामा खेलकुद पर्यटनको विकास गर्नको लागि यसै वर्षबाट गल्फ कोर्ट निर्माण गर्नको लागि यथाशक्य बजेट व्यवस्था गरिएको छ ।
- **“सरसफाईमा सुधार, पर्यटन विकासको मुख्य आधार”** भन्ने नारालाई आत्म साथ गर्दै नगर सफा राख्ने अहं जिम्मेवारी नागरिकको नै हो भन्ने आत्मवोध गर्दै र गराउर्दै नगर सफाईको जिम्मेवारी tole सुधार समितिलाई नै दिईने छ । वर्ष भरीमा उत्कृष्ट पहिलो, दोस्रो र तेस्रो हुने टोल सुधार समितिलाई विशेष सम्मानका साथ क्रमशः रु ७५,०००। , ५०,०००। र २५,०००। पुरष्कार प्रदान गरिनेछ । साथै वातावरणमैत्री नगरपालिका घोषणा गर्नको लागि सबै सरोकारवाहरुसंग सहकार्य गर्दै बिशेष कार्यक्रमहरु सञ्चालन गरिने छन ।
- नगर क्षेत्र भित्र रहेका पुराना चौताराहरुको संरक्षण गरिनेछ ।
- ताल तलैयाहरुको संरक्षण, निर्माण गरि, बाल उधानहरुको विकास गर्दै, विभिन्न ठांउहरुमा पिकनिक स्थलहरुको निर्माण गर्दै आन्तरिक पर्यटनको विकासमा विशेष जोड दिईनेछ । साथ **एक बडा एक उधान**को नीीत अवलम्वन गरिने छ ।
- होमस्टेको विशेष प्रचार प्रसार गरी साना पर्यटक व्यावसायीको आर्थिक विकासमा टेवा पुऱ्याउने नीति लिईनेछ ।
- Website, Face book तथा Twitter जस्ता सामाजिक सञ्जालमा रत्ननगर सौराहाका पर्यटकिय आकर्षण सम्वन्धी प्रचार प्रसारका सामग्रीहरु राखिने छ ।
- नगर भित्रका सार्वजनिक जग्गाहरुको लगत तयार गरि तिनीहरुको संरक्षण गर्दै बृक्षारोप्पण, पार्क, खेलकुद मैदान तथा अन्य सार्वजनिक संरचनाहरुको निर्माणमा प्रयोग गर्दै लगिने छ ।

## ३ आर्थिक सामाजिक विकास तर्फ

- यस नगरपालिका देशकै पहिलो **खुल्ला दिशामुक्त क्षेत्र** घोषणा भएको सन्र्दभमा यस नगरपालिकालाई देशकै पहिलो **वातावरण मैत्री नगर** घोषणा गर्न विशेष कार्याक्रम सञ्चालन गरिनेछ ।
- **"एक गाउँ, एक उत्पादन"** अभियानलाई विशेष जोड दिदै वजारिकरणमा सहयोग गरिनेछ ।
- जलवायु परिवर्तनका असरहरुलाई व्युनिकरण गर्न र त्यसका असरहरुवाट वच्न नेपाल सरकारले तर्जुमा गरेको Local Adaptation Plan of Acton लाई कार्यन्वयन गर्दै लगिनेछ ।
- वालवालिकाको Early Childhood Depelopment देखी अन्य सर्वाङ्गिण विकासको लागि नगरमा Inclusive Fun Park तथा वाल उधानको निर्माणमा विशेष जोड दिईने छ ।
- **"युवा शक्ति नै देश विकासको मुल आधार हुन"** भन्ने मुल मर्मलाई मध्यनजर राख्दै सिपमुलक तालिम प्रदान गरी विदेशिन लागेका युवा युवतीहरुलाई रोक्ने तथा फर्काउने प्रयास गरिनेछ ।
- अपांङ्गता भएका व्यक्तिहरुको हक हितको लागि विशेष पहल गरिनेछ भने नगरपालिकाले प्रदान गर्ने सेवामा सकारात्मक विभेदको नीति मार्फत विशेष प्राथमिकता दिइनेछ साथै रत्ननगर नगरपालिकाले अव बनाउने कुनै पनि संरचना अपाडं मैत्री बनाईने छ ।
- यस नगरका नगरवासीहरुको स्वास्थ्यमा विशेष योगदान पुराएको रत्ननगर अस्पातालको क्षमता अभिवृद्धी गरी यस क्षेत्र साथै वरपरको क्षेत्रका वासिन्दाको लागि भरपर्दो स्वास्थ्य सेवा प्रदान गर्न विशेष जोड दिईनेछ ।

## ४ संस्थागत विकास तर्फ

- डिजिटल नागरिक बडापत्र मार्फत सेवा ग्राहीलाई वढि भन्दा वढि जानकारी प्रदान गरी पारर्दशीतामा जोड दिइनेछ ।
- नगरपालिकाको संगठन विकास ( OD ) तयार गरी प्रशासनलाई चुस्त र दुरुस्त बनाईने छ ।
- नगरपालिकाको दैनिक कृयाकलापहरुलाई website मार्फत आवधिक रुपमा सुचनाको अद्यावधिक गरिनेछ ।
- स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ को अधिनमा रही राष्ट्रीय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाका कार्यक्रमहरुलाई नगरपालिका मातहतमा ल्याई एकद्धार प्रणली मार्फत कार्यन्वयन गरिनेछ ।
- निजी तथा गैरसरकारी क्षेत्रलाई साझेदारको रुपमा विकास गरी सार्वजनिक निजि साझेदारी ( PPP ) मार्फत विकासमा सहयोग पुग्ने खालका कार्यक्रमहरुलाई विशेष प्राथमिकतामा राखिनेछ ।
- नगरपालिकावाट सञ्चालन हुने सवै आयोजनाहरुको कार्यन्वयनमा सघाउ पुऱ्याउन सबै राजनैतिक दलहरुको संलग्नतामा एउटा नगर स्तरिय अनुगमन समितिको गठन गरिनेछ साथै रु. ५ लाख भन्दा माथीका आयोजनाहरुको अन्तिम भुक्तानी उक्त समितिको अनुगमन तथा सिफारिसमा मात्र भुक्तानी दिईने व्यवस्था गरिने छ ।
- नगरपालिकामा सूचना अधिकारी र गुनासो व्यवस्थापन अधिकारीको व्यवस्था गरी सर्वसाधरणको गुनासो तत्काल सम्वोधन गर्ने हालको व्यवस्थालाई अझ प्रभावकारी गराईनेछ ।
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई पुर्ण रुपमा बैकिङ्ग प्रणालीमा लगिने छ ।
- No organization is better than its staff भन्ने मान्यतालाई आत्मसाथ गर्दै कर्मचारीहरुको क्षमता विकास र अभिमुखिकरण कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।
- **"बोलीमा शिष्टता, अनुहारमा मुस्कान र कानुन पालनामा कडाइ"** कर्मचारीको विशेष क्षमताको रुपमा विकास गरिनेछ ।
- लामो समय देखि ज्यालादारी र करारमा कार्यरत कर्मचारीहरुको प्रचलित ऐन कानुनको परिधि भित्र रहि स्थायी गर्नको लागि आवश्यक पहल गरिनेछ ।

## ५. राजश्व परिचालन तर्फ

- **"राजश्व संकलन नै विकासको मुख्य मेरुदण्ड हो"** त्यसैले राजश्व संकलनको लागि विशेष अभियान नै संञ्चालन गरिनेछ ।

- **"आफ्नो विकासमा आफ्नै योगदान"** भन्ने मुल नारा अनुसार रत्ननगरको पर्यटन विकासमा यहाँको होटल व्यवसायीहरुलाई औचित्यपुर्ण करको दायरामा ल्याईनेछ भने अन्तराष्ट्रिय पर्यटकहरुलाई पर्यटक सेवा शुल्क लिने कार्य यसै आ.व. देखि कार्यन्वयनमा ल्याइनेछ ।
- समयमा नै सवैभन्दा वढि कर तिर्ने करदातालाई उत्कृष्ट करदाताको रुपमा विशेष सम्मान गरिनेछ ।
- करको दर भन्दा पनि करका दायरा बढाउने तर्फ बिशेष जोड दिईने छ । साथै सबै सरोकारवालाहरुसंग समन्वय गरि घरभाडा कर तथा व्यवसाय कर उठाउने अभियान नै सञ्चालन गरिने छ ।

**आदरणीय प्रमुख अतिति ज्यू तथा अन्य महानुभावहरु,**
अव म आर्थिक वर्ष २०७४।०७५ का लागि वार्षिक नगर विकास योजना तर्जुमा गर्ने क्रममा अख्तियार गरिएका उद्देश्य तथा नीतिको आधारमा तयार गरिएका योजना तथा कार्यक्रमहरुको प्रस्तावित कार्यक्रमको अनुमानित आय व्यय प्रस्तुत गर्न चाहन्छु ।

**क) आय अनुमानः**
आ.व. २०७४।०७५ का लागि कूल ३० करोड २१ लाख २१ हजार आय अनुमान गरिएको छ । जसमध्ये आन्तरिक श्रोतबाट रु. ४ करोड २२ लाख ३५ हजार रहेको छ, जुन रकम कूल बजेटको १४% हुन आउंछ । वाह्य अनुदान तर्फ नेपाल सरकारको विभिन्न पुजिगत अनुदान रु. १५ करोडा १५ लाख ५५ हजार, सामाजिक सुरक्षा कार्यक्रमको रु. ११ करोड ९० लाख १६ हजार हुने अनुमान गरिएको छ ।

**ख) व्यय अनुमान**
आ.व. २०७४।०७५ को लागि कूल रु. ३० करोड २१ लाख २१ हजारको व्यय अनुमान प्रक्षेपण गरिएको छ । जसमध्ये कार्यालय सञ्चालन तर्फ रु. २ करोड ९९ लाख ५० हजार अनुमान गरिएको छ जुन कुल बजेटको ९.९१ प्रतिशत हुन आउछ । त्यस्तै सामाजिक सुरक्षा तर्फ रु. ११ करोड ९० लाख १६ हजार अनुमान गरिएको छ जुन कुल बजेटको ३९.३९ प्रतिशत हुन आउछ । त्यसै गरी सार्वजनिक निर्माण तथा सुधार तर्फ जम्मा रु. १५ करोड १५ लाख ५५ हजार विनियोजन गरिएको छ जुन कूल बजेटको ५०.१६% हुन आउछ । त्यसै गरी लक्षित वर्ग विकास कार्यक्रम तर्फ रु. १ करोड ६४ लाख ७५ हजार ५ सय ७० विनियोजन गरिएको छ, जुन कुल निशर्त अनुदान आधार अंकको ३५% हुन आउछ ।

**आदरणीय प्रमुख अतिथिज्यू तथा उपस्थित महानुभावहरु,**

उपरोक्त नीति, कार्यक्रम तथा बजेट माथि यस परिषद्मा उपस्थित हुनु भएका प्रमुख अतिथीज्यू लगायत विशिष्ट अतिथि तथा अन्य अतिथीज्यूहरुबाट प्रभावकारी कार्यान्वयनका लागि सल्लाह र सुझावको अपेक्षा गरेको छु । नगरपालिकाको श्रोत क्षमता भित्रका आयोजनाहरुलाई गत बर्षको नगरपरिषद, वडा भेला, वडा नागरिक मञ्चको सिफारिस, एकीकृत योजना तर्जुमा समितिमा व्यापक छलफल गरी सन्तुलित र दीगो बनाउने प्रयास गरिएको छ । नगरपालिकाको उपलव्ध श्रोत र साधनले धान्न नसकेका योजनाहरुलाई जिल्ला र केन्द्रीय निकायमा अनुरोध गर्ने निर्णय गरिएको छ । नगरको समष्टिगत विकासको लागि सहयोग पुऱ्याउनु हुने राष्ट्रिय योजना आयोग, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, नेपाल सरकारका अन्य मन्त्रालय, विभाग र निर्देशनालय लगायत विकासका साझेदार संस्थाहरुसंग नगरपालिकाको प्राथमिकताका आधारमा आवश्यक बजेट विनियोजन गरिदिनु हुन हार्दिक आग्रह गर्दछु ।

कुनै पनि नीति, कार्यक्रम तथा बजेटलाई सफल रुपमा कार्यन्वयन गरि त्यसको प्रतिफल जनताको घरदैलोमा पुऱ्याउन दृढ राजनैतिक ईच्छाशक्ति, प्रशासनिक प्रतिवद्धता, स्रोत साधनको सहज उपलब्धता र प्रभावकारी अनुगमन तथा मुल्यांकनको आवश्यकता पर्दछ । आजको यस विशेष घडिमा म यहां उपस्थित राजनैतिक दलहरुबाट दृढ राजनैतिक ईच्छाशक्तिको अपेक्षा राखेको छु । म र मेरो नेतृत्वमा रहेको सम्पुर्ण कर्मचारी साथीहरुको तर्फबाट उच्चतम तहको प्रशासनिक प्रतिवद्धता हुने कुराको म यस सम्मानित सभा समक्ष अवगत गराउंदछु । स्रोत साधनको सहज उपलब्धताको लागि म विशेष गरि व्यवसायी साथीहरु र Tax Payer नगरबासीहरुलाई ईमान्दारिता र सक्रियताका साथ कर बुझाई सहयोग गर्न अनुरोध गर्दछु । राजनैतिक दलहरु, आम

नागरिक, पत्रकार मित्रहरु तथा विभिन्न सरोकारवालाहरुसंग प्रभावकारी अनुगमन, मुल्यांकन तथा र्सजनात्मक पृष्ठपोषणको अपेक्षा गरेको छु ।

यस आ.व. २०७४/०७५ को बार्षिक योजना तर्जुमा गर्ने सिलसिलामा महत्वपूर्ण योगदान पुऱ्याउनु हुने नगरस्तरीय राजनैतिक दलका प्रतिनिधिज्यूहरु, राजश्व परामर्श समितिका सदस्यज्यूहरु, मूल्याङ्कन समितिका सदस्यज्यूहरु, एकीकृत योजना तर्जुमा समितिका सदस्यज्यूहरु, वडा नागरिक मञ्चका सदस्यज्यूहरु, साझेदार संस्थाहरु, गैससहरु, पत्रकारहरु, निजी क्षेत्र, सम्पूर्ण संघसंस्था लगायत योजना तर्जुमामा अहोरात्र खट्ने नगरपालिकाका कर्मचारी साथीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

हाम्रो आमन्त्रणलाई स्वीकार गरी आफ्नो कार्य व्यस्तताका वावजुद उपस्थित भई नगरपरिषद्को गरिमा बढाई दिनु हुने प्रमुख अतिथीज्यू, विशिष्ट अतिथीज्यू लगायत अन्य अतिथीज्यूहरुमा विशेष आभार प्रकट गर्दछु । आमा समुह, युवा समुह र टोलसुधार समिति प्रति आफ्नो विकासमा आफै जुटनको लागि उच्च भरोसा गरिएको छ । जनताका असिमित चाहना विच थोरै मात्र स्रोत साधन भएको हाम्रो जस्तो नगरपालिकाले सवै विषयको समाधान एकैपटक गर्न सक्दैन, श्रोत साधन र जनशक्तिको सिमिततालाई ध्यान दिदै रचनात्मक सुझाव दिन, गलत कार्य उपर समयमै खवरदारी गर्न र राम्रा कार्यहरुको पशंसा तथा सृजनात्मक पृष्ठपोषण गर्नको लागि नगरपालिकाको ढोका यहांहरुको लागि सदैव खुला रहने छ । नगरबासीहरुको चौतर्फी मागलाई मध्यनजर गर्दै नगरपालिकाबाट सम्बोधन हुन नसकेका योजनाहरुलाई जिल्लास्तर र केन्द्रस्तरबाट सम्वोधन होस भन्ने हेतुले आवश्यक पहलका लागि प्रमुख अतिथि ज्यू एवं माननीय संविधान सभा सदस्यज्यूहरु मार्फत अनुरोध गर्न चाहन्छु । यहाँहरु सवैबाट नगरको विकासको हरेक अभियानहरुमा सहभागिता, सुझाव र सहयोग निरन्तर प्राप्त हुने विश्वास लिएको छु । अन्तमा यस नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्न प्रत्यक्ष अप्रत्यक्ष रुपमा अमूल्य सुझाव उपलव्ध गराई सहयोग पुऱ्याउनुहुने सबै महानुभावहरु तथा निकायहरुमा आभार व्यक्त गर्दै हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

काशी राम गैरे
प्रमुख एवं कार्यकारी अधिकृत
रत्ननगर नगरपालिका

२०७३ पौष २८ गते विहिवार रोज ५ शुभम्